# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति नियुक्तिका लागि सिफारिस सम्बन्धी कार्यविधि, २०७७

स्वीकृत मितिः २०७७।११।२३

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको रिक्त उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस गर्न कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को दफा २० को उपदफा (२) बमोजिम सम्मानननीय प्रधानमन्त्री एवम् कुलपतिस्तरको मिति २०७७।११।२० को निर्णयबाट माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री एवम् सहकुलपति श्री हृदयेश त्रिपाठीको अध्यक्षतामा गठन भएको समितिले उपकुलपति नियुक्ति सिफारिस सम्बन्धी कार्यलाई सरल, प्रभावकारी, पारदर्शी, वस्तुनिष्ठ एवम् विश्वसनीय बनाउन उक्त समितिको मिति २०७७।११।२३ को निर्णयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति पदमा नियुक्तिका लागि सिफारिस सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि समितिले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क)"उपकुलपति" भन्नाले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ सम्झनु पर्छ

(ग) "प्रतिष्ठान" भन्नाले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(ङ)"समिति" भन्नाले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को दफा २० को उपदफा (२) बमोजिम गठित उपकुलपति नियुक्ति सिफारिस समिति सम्झनु पर्छ ।

## परिच्छेद-२
## उपकुलपति नियुक्ति सिफारिस सम्बन्धी व्यवस्था

३. रोष्टर तयार गर्नेः (१) प्रतिष्ठानमा रिक्त हुन आएको उपकुलपति पदमा नियुक्तिका लागि आवेदन दिन समितिले कम्तिमा ७ (सात) दिनको अवधि राखी राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनाको अवधिभित्र प्राप्त हुन आएका आवेदनहरुको प्रारम्भिक छानविन गरी समितिले योग्यता पुगेका उमेद्वारहरुको प्रारम्भिक सूची (रोष्टर) प्रकाशन गर्नेछ ।

४. उपकुलपतिको योग्यताः उपकुलपतिको पदमा नियुक्तिको लागि आवेदन दिन स्वास्थ्य मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ मा उल्लेखित देहाय बमोजिम योग्यता पुरा गरेको हुनुपर्नेछः-

(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

(ख) कम्तिमा सह-प्राध्यापक वा मन्त्रालय सम्बद्ध निकायमा कम्तिमा दशौं तह वा सो सरह काम गरेको ।

५. नियुक्तिका लागि अयोग्यताः स्वास्थ्य मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ बमोजिम देहायको व्यक्तिले उपकुलपति पदमा नियुक्तिका लागि आवेदन दिन सक्ने छैनन्ः-

(क) गैर नेपाली नागरिक ।

(ख) पैतिस वर्ष उमेर पुरा नभएको ।

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधिको कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको ।

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पुरा नभएको ।

(ङ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको ।

(च) सार्वजनिक निकायसँग कुनै ठेक्कापट्टा सम्झौता गरी काम गर्दै गरेको ।

(छ) मानसिक सन्तुलन ठिक नभएको ।

६. <u>नियुक्ति सिफारिसका लागि छनौटका आधारः</u> उपकुलपति पदमा नियुक्तिका लागि सिफारिसका आधारहरु देहाय बमोजिम गर्नेछः-

(क) शैक्षिक योग्यता,

(ख) कार्य अनुभव,

(ग) व्यवसायिक कार्ययोजना ।

७. <u>नियुक्तिका लागि सिफारिसः</u> (१) समितिले दफा ३ को उपदफा (२) बमोजिमको सूचीमा रहेका उमेद्वारहरुको दफा ६ बमोजिम मूल्याङ्कन गरी प्राथमिकताक्रम तोकी सम्भव भएसम्म तीन जना उमेद्वारहरुलाई उपकुलपति नियुक्तिका लागि कुलपति समक्ष सिफारिस गर्नेछ ।

## परिच्छेद-३

## <u>विविध</u>

८. <u>बाधा अड्काउ फुकाउनेः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा समितिले सो बाधा अड्काउ फुकाउन सक्नेछ ।